स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आमालाई लिएर पूर्वमिस नेपाल तथा अभिनेत्री मलिना जोशी तीर्थयात्राका लागि भारतमा छिन् । त्यहाँका तीर्थधामहरु यमुनोत्री, गंगोत्री, केदारनाथ र बद्रीनाथको यात्रामा उनी छिन् । इन्स्टाग्राममा उनले भिडियो सेयर गरेकी छन् । गंगा नदीमा डुब्दै पूजा गरेको उनको भिडियो क्याप्सनमा लेखिएको छ, 'भन्छन् अन्जानमा गरेको पाप मात्र धुल्छन् रे गंगामा । जान बुझेर गरेको पाप त गंगामा पनि धुल्दैन रे । त्यसैले कसैलाइ जानीजानी गलत नगरौं । सबैलाई माया, इज्जत र सद्भावको रुपले हेरौं ।'

**आजको विचार...**



किरण चित्रकार

तानसेन... (दुई पेजमा)



यतिबेला सेलिब्रिटी बैंकर रविना देशराज जोशीको विवाह सामाजिक संजालमा चर्चाको विषय बनिरहेको छ । आमाको विवाह गराइदिएपछि छोराहरु आयुष्मान र आशिरमानलाई पनि नेटिजन्सबाट प्रशंसा मिलिरहेको छ । बेलायती प्रेमी स्टुआर्ट च्याप्म्यानसँग रविनाले यसैसाता विवाह गरिन् । अभिनेता छोराहरु आयुष्मान र आशिरमान र अभिनेत्री बुहारी प्रियंका कार्कीले समेत रविनाको विवाहलाई उत्साहसहित सामाजिक संजालमा सेयर गरिरहेका छन् । आयुष्मानले आमाको खुशिकै लागि उनको विवाह गराएको बताएका छन् ।

❒ वर्ष २८ ❒ अंक ३२८ ❒ २०८० असार ११ गते सोमबार 26 June 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### मगर समुदायले गरे भूमि पूजा

**पाल्पा,** असार १०/मगर समुदायले आइतबार भूमि पूजा गरेका छन् । मगर समुदायले असारमा रोपाई सुरु गर्नु अगावै पन्चत्व स्वरूपमा भूमिको पूजन गर्ने परम्परा छ । विशेषगरी रोल्पा, रुकुम, सल्यान, पाल्पा, दैलेख, जाजरकोट दाङ लगायत राप्तीका सबै जिल्लाहरुमा धूमधामसँग भूमि पूजा गरिएको छ । यसलाई मगर समुदायको चर्चित पर्व भूमे पनि भन्ने गरिन्छ । यो पर्व मनाएसँगै मगर समुदायले अब वर्षभरि कुनै पनि विपत्ती नआउने विश्वास गरेको छ । बालीनाली लगाएपछि मनाइने यो पर्वमा प्रकृतिको पूजा गर्ने गरिन्छ । उत्पादन बढोस्, पहिरो नजाओस् भनेर जमिन र प्रकृतिलाई शक्तिका रूपमा पूजा गर्ने मगर समुदायको परम्परा हो । माघे संक्रान्तिपछि वैशाखे पूणिर्मा र भुमे पूजा मगर समुदायका प्रमुख पर्व मानिन्छन् । ठाउँ अनुसार प्रकृतिलाई पूजा गर्ने विभिन्न चलन छन् । खेती किसानीको काम सकिएपछि आफन्त, इष्टमित्र र परिवारका सदस्य एकैठाउँ जुटेर आपसमा दु:खसुख साट्ने चलन छ । भूमे पर्वमा विभिन्न हिमाली फूल उपहार दिएर पाहुनालाई स्वागत गर्ने परम्परा रहेको पाइन्छ । युवायुवती गीत गाउने, मायाप्रेमका कुरा गर्ने र भेटघाट हुने अवसरका रूपमा पनि भुमेलाई लिइन्छ । मगर समुदायमा प्रकृतिलाई पूजा गर्ने ६ तरिका रहेका छन् ।

# तानसेनले ल्यायो एक अर्ब दुई करोडको बजेट, चार विधेयक पारित

**रामचन्द्र रायमाझी/कृष्ण पोखरेल**

**पाल्पा,** असार १०/जिल्लाको तानसेन नगर सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि एक अर्ब दुई करोड ८ लाख ६४ हजार ३ सय ३७ बराबरको बजेट सार्वजनिक गरेको छ । शनिबारदेखि सुरु भएको नगरपालिकाको नगरसभा तथा १३ औं अधिवेशनमा उपमेयर प्रतिक्षा गाहा सिंजालीले उक्त बजेट पेस गरेकी हुन् । यो बजेट चालु आर्थिक वर्षको भन्दा ३६ करोड ३८ लाख २९ हजार कम हो ।




गत वर्ष कूल बजेटमा सामाजिक सुरक्षा भत्ता अन्तर्गत २० करोड आय र व्यय दुवैतर्फ समावेश गरिएकाले बजेटको आकार गत वर्ष तुलनात्मक रुपमा ठूलो देखिएको थियो । सिद्धान्त: सामाजिक सुरक्षा कार्यक्रम, नगरपालिकाको प्रत्यक्ष योगदानमा नहुने हुँदा बजेटमा समावेश गर्नु नपर्ने भएकाले यसपटक सामाजिक सुरक्षा कार्यक्रम समावेश नगरेको उपमेयर सिंजालीले बताइन् । संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान र राजश्व बाँडफाँड शिर्षकका अनुदानहरु समेत घटेकाले यस पटक बजेटको आकार घटेर आएको जनाइएको छ ।

उपप्रमुख प्रतिक्षा सिंजालीले नगरसभामा प्रस्ताव गरेको उक्त बजेट सर्वसम्वत पारित भएको छ । नगर सरकारले चालुतर्फ ५४.६१ प्रतिशत अर्थात् ५६ करोड १४ लाख २५ हजार र पुँजीगततर्फ ४५.३९ प्रतिशत अर्थात् ४६ करोड ६६ लाख ३९ हजार ३ सय ६७ बजेट ल्याएको छ । उसले सामाजिक क्षेत्रमा ४४ करोड २४ लाख २१ हजार, पूर्वाधार क्षेत्रमा २७ करोड ८१ लाख १८ हजार, शुसासन तथा संस्थागत विकासतर्फ १५ करोड ५१ लाख ९९ हजार २ सय ५१, आर्थिक विकासतर्फ ११ करोड ४ लाख १४ हजार ९ सय २७, वन वातावरण तथा विपद्मा ४ करोड १९ लाख १० हजार ९ सय २६ बराबरको बजेट विनियोजन गरेको छ । नगर सरकारले सबै भन्दा बढी सामाजिक क्षेत्रमा ४३ प्रतिशत र सबैभन्दा कम वन वातावरण तथा विपद् व्यवस्थापन ४ प्रतिशत रकम विनियोजन गरेको छ । आगामी बजेटमा चालु आर्थिक बर्षका ५ वटा योजनाको ६ करोड ८० लाख रुपैयाँ दायित्व सारेको छ । जसमा शितलपाटीदेखी हुलाकहुँदै एनआइसी बैंकसम्म ढुङ्गा छाप्ने योजना, बगाले खेल मैदान, वनदेवी बसपार्क, दरवार परिसर भत्काएको क्षेत्रमा ढुङ्गा छाप्ने काम, वडा तथा नगरका योजनाहरु रहेका छन् ।

**वडामा कहाँ कति ?**

नगर सरकारले आगामी बर्षको लागि वडा १ लाई ५२ लाख ९६ हजार ६ सय ४८, वडा २ का लागि ४२ लाख ३४ हजार ४०, वडा ३ को लागि ४७ लाख ३० हजार ९ सय ४६, वडा ४ मा ४३ लाख १८ हजार ५ सय ७९, वडा ५ को लागि ५२ लाख ३४ हजार ९ सय ३७, वडा ६ को लागि ५० लाख ७७ हजार ३ सय ७३, वडा ७ को लागि ५३ लाख ३४ हजार १ सय ९० बजेट विनियोजन गरेको छ । यस्तै बजेटमा वडा ८ को लागि ५१ लाख ६६ हजार ४ सय ९७, वडा ९ को लागि ४७ लाख ८७ हजार ३ सय ७२ , वडा १० को लागि ५४ लाख ८८ हजार ३ सय ८२, वडा ११ को लागि ४९ लाख १ सय ३१, वडा १२ को लागि ५१ लाख ७ हजार ३ सय २४, वडा १३ को लागि ५१ लाख ५० हजार ७ स ७२ सय ५५ र वडा १४ को लागि ५१ लाख ७२ हजार ८ सय २६ बराबरको बजेट विनियोजन भएको छ । योसँगै नगर भित्रका १४ वडामा ७ करोड बजेट छुट्याइएको छ । नगरपालिकाले यस बर्ष पनि टुक्रे ५० हजारका योजनाहरुलाई प्राथमिकतामा राखेको छ । संघको समपुरक कार्यक्रम अर्न्तगत पोलधारा, आपटारी, ओमपार्क सडक स्तरउन्नतीको लागि १ करोड २० लाख, बतासेडाँडा चण्डी भञ्ज्याङ्ग, भुल्के जोर्ते सडक निर्माणको लागि १ करोड विनियोजन गरेको छ । प्रदेश समपुरक कार्यक्रम अन्तर्गत राधे राधे जाने बाटो ढल व्यवस्थापन तथा जिपपार्क निर्माणको लागि ६० लाख, प्रभास काजिपौवा सडकको लागि ६० लाख, होलाङ्गदी धारा तथा ढल व्यवस्थापनका लागि ६० लाख, सल्लेरीडाँडा रावलटोल घुनाघाट सडकको लागि ६० लाख, भालेवास कोकल पिपलडाँडा सडकको लागि ६० लाख छुट्याइएको छ ।

**चार विधेयक पारित**

१३ औं नगरसभाले सार्वजनिक महत्वका चार विधेयक सर्वसहमत रुपमा पारित गरेको छ । नगरसभाको आइतबार भएको दोस्रो बैंठकले आर्थिक विधेयक २०८०, विनियोजन विधेयक, फोहोरमैला व्यवस्थापन विधेयक र साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन विधेयक सर्वसहमत पारित गरेको हो । सभामा आर्थिक समितिका संयोजक हेमन्तराज शाक्यले आर्थिक विधेयक, उपप्रमुख प्रतिक्षा गाहा सिंजालीले विनियोजन विधेयक, फोहोरमैला व्यवस्थापन समितिका संयोजक सुनिलकुमार बस्यालले फोहोरमैला व्यवस्थापन विधेयक, साझेदारी व्यबस्थापन समितिका संयोजक बाबुरत्न शाक्यले साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन विधेयक बहुमतले पारित गरियोस् भनि प्रस्तुत गरेका थिए ।

यस्तै लेखा समिति संयोजक राजेश कुमार अर्यालले लेखा समिति प्रतिवेदन र उप प्रमुख प्रतिक्षा गाहा सिंजालीले न्यायिक समितिको प्रतिवेदन नगर सभामा पेस गरेकोमा सर्वसहमतिले पारित भएको छ । सभामा प्रस्तुत विधेयक तथा प्रतिवेदनमा नगर सभा सदस्यहरुले सुझाव तथा जिज्ञासा राखेका थिए । नगर प्रमुख सन्तोषलाल श्रेष्ठको अध्यक्षतामा नगरसभा भएको थियो ।

## बाढीपहिरोबाट जोगिऔं

***जथाभावी सडक निर्माण र वन विनाशले बाढी पहिरो निम्त्याउने हुँदा :***

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।
- बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## इस्मा गाउँपालिकामा नि:शुल्क 'स्यानिटरी प्याड'

**रेसुङ्गा,** असार १०/गुल्मीको इस्मा गाउँपालिकाले सबै महिलाका लागि स्यानिटरी प्याड नि:शुल्क वितरण गर्ने भएको छ । आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रममा नै समेटेर महिनावारी हुने उमेरका सबै महिलाका लागि नि:शुल्क स्यानिटरी प्याडको व्यवस्था गर्न लागिएको गाउँपालिका उपाध्यक्ष पार्वती कुँवरले बताइन् ।




उनका अनुसार गाउँपालिका भित्रका सबै महिलाका लागि नि:शुल्क स्यानिटरी प्याड उपलब्ध गराउनका लागि पालिकाले गाउँसभा बैठकबाट वार्षिक नीति तथा कार्यक्रममा समेट्दै २० लाख बजेट विनियोजन गरेको छ । पालिकाभित्रका महिनावारी हुने उमेरका सबै महिलालाई नि:शुल्क प्याडको व्यवस्था गरिएको उपाध्यक्ष कुँवरले जानकारी दिइन् ।

रकम अभावका कारण प्याड किन्न नसकेर वा प्याडको बदला अन्य कपडा प्रयोग गर्दा विभिन्न संक्रमण हुने भएकाले नि:शुल्क प्याडको व्यवस्था गरिएको उनले बताइन् । 'सबै महिलाका लागि नि:शुल्क प्याड व्यवस्था गरेका छौं', उपाध्यक्ष कुँवरले भनिन्, 'स्वास्थ्य संस्थामा कण्डम नि:शुल्क हुनु तर महिलाका लागि अनिवार्य चाहिने प्याड नि:शुल्क नहुँदा विभिन्न सङ्क्रमण हुने भएकाले नि:शुल्क प्याडको व्यवस्था छौं ।' आर्थिक वर्ष २०८०/८१ को सुरुवातदेखि नै पालिका भित्रका सबै महिलाले नि:शुल्क स्यानिटरी प्याड पाउने गाउँपालिका अध्यक्ष भगतसिंह खड्काले बताए । महिनावारीको समयमा प्याडको प्रयोग नगर्दा विभिन्न रोग लाग्ने समस्या रहेकाले नि:शुल्क व्यवस्था गर्ने निर्णय गरिएको उनको भनाइ थियो । 'वार्षिक नीति तथा कार्यक्रममा आयो, बजेटमा पनि व्यवस्था गरिसक्यौं', अध्यक्ष खड्काले भने, 'कार्यान्वयनको लागि प्रतिवद्ध छौं ।' इस्मा गाउँपालिकाको यस निर्णयले महिनावारी हुने उमेरका सबै महिलालाई राहत मिल्ने उनको भनाइ छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## लागू पदार्थ र अवैध तस्करी रोकौं

अन्तर्राष्ट्रिय लागू पदार्थ तथा अवैध तस्करी विरुद्धको दिवस आज विश्वभर मनाइँदै छ । हरेक वर्षको जुन २६ तारिखमा यो दिवस मनाउने गरिन्छ । विश्व समुदायलाई लागु औषधको असर र कारोबारबाट मुक्त गराउनु यो दिवसको उद्देश्य हो । यस वर्ष यो दिवसको नारा जीवन बचाऔँ भन्ने रहेको छ । लागू औषध दुरुपयोग र सम्बन्धित स्वास्थ्य समस्याहरू रोक्न लागू औषाध र यसको प्रभावहरूको बारेमा सही जानकारी प्रदान गर्ने कुरामा दिवस केन्द्रित रहन्छ । यो दिवस हरेक वर्ष मनाउने गरिए पनि लागू पदार्थ तथा अवैध तस्करी नियन्त्रणमा चुनौती बढ्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो । देशका प्रमुख सहरहरु लागू पदार्थ ओसारपसार तथा विक्री वितरणको 'ट्रान्जिट प्वाइन्ट' बन्दै गएका छन् । भारतीय सीमा क्षेत्रबाट भित्रिएका लागूऔषाध ठूला सहरमा विक्री वितरण हुने गरेको पाइएको छ ।

विश्वमा लागू पदार्थको प्रयोगबाट निस्कने परिणाम डरलाग्दो छ । यसले व्यक्ति आफै, परिवार, समाज, राजनीति, राष्ट्र र अन्तर्राष्ट्रियरुपमै खतरा पैदा गरेको छ । यो मादक पदार्थ भन्दा दशौं गुणा हानिकारक छ । लागू औषधको अवैध दुर्व्यसन र तस्करको समस्या अहिले विश्वकै लागि चुनौतीपूर्ण बनेको छ । लागू औषधको सेवन नभई दुर्व्यसन, वैध नभई अवैध उत्पादन, तस्करीले आर्जित अकूत धनराशिको गलत कार्यमा दुरुपयोग हुनाले विश्वमा जटिल समस्या उत्पन्न भएको हो । लागू औषध दुर्व्यसनीहरूले पारिवारिक वातावरण अशान्त र तनावपूर्ण बनाएका छन् । स्थानीय र अन्तर्राष्ट्रिय तस्करहरूले नेपाललाई ट्रान्जिटको रूपमा हेरोइन, अफिम, कोकिन तस्कर गर्न प्रयोग गरेको र गाजा, चरेस, तरल चरेस नेपालबाटै युरोप, अमेरिकाको बजारमा तस्करी गर्ने गरेको पाइन्छ । लागूपदार्थको अवैध ओसारपसार, कारोबार एवं आपूर्तिमा कडाइका साथ नियन्त्रण गरी यससँग सम्बन्धित अपराधमा कमी ल्याउन विभिन्न नियन्त्रणमूखी कार्यक्रम सञ्चालन गर्नु उत्तिकै आवश्यक छ । त्यति मात्र होइन लागूपदार्थको अवैध खेती एवं ओसारपसारलाई निरुत्साहित गर्न विभिन्न दबाबमूलक कार्यक्रमका साथै सोसँग सम्बन्धित सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाइनुपर्छ । यसका लागि सुरक्षा निकायले गरेका प्रयासमा अभिभावक, सामाजिक संस्था, आम नागरिकको सकारात्मक भूमिका र सहयोग महत्वपूर्ण रहन्छ । यसर्थ लागूऔषाध नियन्त्रण भएमात्र स्वच्छ र अपराधमुक्त समाज निर्माण हुनसक्ने भएकाले यस्तो कार्यमा सबै सरोकारवालाको उत्तिकै सहयोग र ऐक्यबद्धता रहनु जरूरी छ ।

## Opinion @ Social Network

हागा भए एक दिन पात पनि आउँछ
अहिले दिन नराम्रो छ तर एक दिन पक्कै राम्रो पनि आउँछ ।
*(विपिन थापाको फेसबुक स्टाटस https://www.facebook.com/bipin.thapamgr)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तानसेन र हाम्रो कर्तव्य



**किरण चित्रकार**


नेपालको लुम्बिनी प्रदेशमा पर्ने पाल्पा जिल्ला ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक सम्पदाले भरिपूर्ण छ । पाल्पाको सदरमुकाम तानसेन काठमाडौं र ललितपुर पछिको तेस्रो तथा पहाडी जिल्लाका नगरपालिकामा पहिलो नगरपालिका हो । २००७ सालमा तानसेन नगरपालिका भएको थियो । यो नगरपालिकाको उत्तरतर्फ कालीगण्डकी करिडोर र दक्षिणतर्फ सिद्धार्थ राजमार्ग रहेको छ । ज्यादै सुन्दर भूपरिदृश्यका रूपमा रहेको तानसेन सहरलाई 'पहाडकी रानी' भनेर पनि चिनिन्छ । श्रीनगर पहाडको फेदीमा रहेको तानसेन ऐतिहासिक, धार्मिक र सांस्कृतिक रूपमा जति महत्वपूर्ण र विविधतापूर्ण छ, भौगोलिक दृष्टिकोणले पनि उत्तिकै आकर्षक स्थलका रूपमा परिचित छ । पुरानो नेवार बस्ती, मठमन्दिर, व्यापार, परम्परागत धातुकला शिल्प र ढाका टोपीका लागि यो जिल्ला प्रसिद्ध छ । काठमाडौँ उपत्यका बाहिरका महत्ववपूर्ण सम्पदा बस्तीहरूमध्ये तानसेन पनि एक हो । यसर्थ तानसेनको विविध विषयमा केन्द्रित रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।


तानसेन आफैमा सुन्दर र ऐतिहासिक सहर हो । तानसेनको राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपमा राम्रो पहिचान छ तर हिजो आज तानसेनको सुन्दरता र पहिचानमाथि कालो बादल मडारिएको छ । जसको कारण तानसेनवासीले आज शिर निहुराउनु परेको छ । नेपालको ताजमहलको रुपमा चिनिएको रानीमहल, एसियाको टप त्रिशुल भएको भैरव मन्दिर, शक्तीको पिठ भगवती मन्दिर, सूर्यकुण्ड भएको स्थान प्रभास, बजारको सिरानमा रहेको रमणीय स्थान श्रीनगरडाँडा जुन स्थानबाट १७ वटा भन्दा बढी हिमदृश्य देख्न सकिने स्थान बतासेडाँडा, पूर्वमा रहेको रम्भादेवी र पाल्पाको वरीपरी रहेका रिमिघाडाँडा, पहाड मदेश तराईको अवलोकन गर्न सकिने कौडेलेक काँडा जस्ता पर्यटकीय स्थलहरु छन् तर, यसको उचित संरक्षण र प्रवर्द्धन गर्ने कुरामा न स्थानीय सरकारको चासो छ नत यहाँका राजनीतिक दलहरुको नै ।

हाम्रो छिमेकी शहर बुटवल (बटौली) जुन बुटवलमा अवल लाग्छ बस्नु हुँदैन भनि पुनः पहाड फर्कने गरेको स्थान आज तिनै पाल्पाली, गुल्मेली, अर्घाखाँची, स्याङ्जालीहरुको बसोबास रहेको बटौली (बुटवल) आज हिलपार्क, फुलबारी, वनबाटिका, गोलपार्कदेखि सञ्चालनमा आएको केबलकारले विकासको फड्को मारेको छ । तर हामी पाल्पालीले अनुपम सम्पदाहरु हुँदा हुँदै पनि विकासमा पछाडी पर्नु परेको छ । यो अत्यन्त दुखद् हो । तानसेनको विकासमा स्थानीय सरकार मात्र होइन, यहाँका राजनीतिक दल, पत्रकार र सरोकारवालाहरुको पनि उत्तिकै दायित्व छ । यसबाट कोही पनि अछुतो रहन रहन सक्दैन । यहाँ रानीमहलको संग्रालय पुरा हुन सकेको छैन । यहाँ भएको ४ कोठामा २ वटामा राजा खड्क समशेर र रानी तेज कुमारीको हस्तलेखन फोटा छन् भने १ मा पुराना भाडाहरु छन् । बाँकी रहेका २ कोठामा एकमा पुनाना कपडा र अर्कोमा पुराना हात हतियार, गोली गठन बन्दुक आदि समान खोजी सजाउनु पर्ने देखिन्छ । तानसेनको मुटु श्रीनगरडाँडामा बुटवल फुलबारी र वन वाटिकामा भएका चिडियाखाना र बाल उद्यानको उचित व्यवस्था गरिनुपर्छ । श्रीनगरडाँडामा कृतिम पानी पोखरी निर्माण गरी डुङ्गा सहेर गरिनुपर्छ । पन्छीहरुको बासस्थान विद्युतको भोल्टेज बढाएर कालीगण्डकीको पानीको व्यवस्था, तानसेन वडा नं. ६ मा रहेको बसपार्कलाई पार्किङ्गको समस्याले गर्दा दुई तले बसपार्कको निर्माण, तानसेनको टुँडिखेलबाट श्रीनगरडाँडा हुँदै रानीमहलसम्म वा आलमदेवीसम्म केवलकारको व्यवस्था भएमा हाम्रो पाल्पा हामी पाल्पालीको गौरब हुने थियो । यसमा सम्बन्धित निकायको ध्यान जाओस् । ताकी हात्ति आयो हात्ति फुस्सा नहोस् ।









यदी यो कुरा हामी साकार पार्न सक्यौ भने आन्तरिक वा बाह्य पर्यटक, सिक्कीम, नैनीताल, दार्जिलिङ, जानेहरु एक पटक पाल्पाको तानसेन पनि जाउ है भनि उत्तर पोखराबाट फर्केका र दक्षिण लुम्बिनीबाट फर्केका पर्यटकहरुलाई तानसेनमा भित्र्याउन सकिन्छ । जसले गर्दा यहाँ भएका व्यवसायहरुको आम्दानीको श्रोतको समेत वृद्धि हुन्छ । यसतर्फ स्थानीय सरकार, राजनीतिक दल र सरोकारवाला सबैको ध्यान जान जरुरी छ ।

***(लेखक पाल्पाली कलाकार, नृत्यकार, हाँस्यकार एवं रचनाकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : भ्रमण, तथा खानपान खर्च बढ्ने छ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । | **तुला** : सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **वृष** : सामाजिक कार्यमा सफलता मिल्ने छ । शुभकार्यको चर्चा चल्नेछ । | **वृश्चिक** : रमाइलो यात्रा रहनेछ । आफन्तको सहयोग प्राप्त हुनेछ । |
| **मिथुन** : आँटेको र ताकेको कार्य पुरा होला । खानपिन कार्यमा सरिक भइनेछ । | **धनु** : लगानीबाट नोक्सानी हुनसक्छ । लेनदेनको कार्यमा विशेष ख्याल गर्नुहोला । |
| **कर्कट** : परोपकार काम गर्नुमा नै भलो हुनेछ । परिवारमा रमाइलो छाउनेछ । | **मकर** : जागर र हिम्मत बढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला । |
| **सिंह** : सजग भएर काम गर्नुहोला। यात्रा गर्दा पनि सावधानी अपनाउनु पर्नेछ । | **कुम्भ** : परोपकारी कार्यमा संलग्न भइने छ। अतिथिको रूपमा सत्कार पाइएला । |
| **कन्या** : काममा सफल भइनेछ । लगनशीलताले कामहरू अगाडि बन्नेछ । | **मीन** : शुभकार्यको चर्चा चल्नेछ । इनाम र प्रतिष्ठा कमाउने बेला छ । |



# एसइईको नतिजा सार्वजनिक गर्न आवेदन माग




राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले कक्षा १० माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा सार्वजनिक गर्न चाहने संघसंस्थाबाट आवेदन माग गरेको छ । बोर्डको कार्यालयले आज एक सूचना प्रकाशित गरी माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई २०७९) को नतिजा सम्बन्धी विवरण परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त गरी एसएमएस, आइभिआर वा वेबसाइटबाट सार्वजनिक गर्न इच्छुक संस्थाले आफूले दिन चाहेको सेवाको विवरण कार्यालयबाट तोकिएको शर्तको अधीनमा रही यही असार १२ गतेभित्र आवेदन दिन आग्रह गरेको छ ।

एसएमएसबाट सूचना दिनका लागि ४० हजार, वेबसाइटबाट नतिजा प्रकाशनका लागि २० हजार, एसएमएस र वेबसाइट सेवाका लागि ६० हजार, एसएमएस, आइभीआर र वेबसाइट सेवाका लागि एक लाख राजस्व बुझाउनुपर्ने कार्यालयद्वारा प्रकाशित सूचनामा उल्लेख गरिएको छ । बोर्डले परीक्षा प्रकाशित गरेपछि मात्रै नतिजासम्बन्धी विवरण उनीहरूलाई प्रदान गरिने र सोही आधारमा प्रकाशन गर्नुपर्ने जनाइएको छ । यसैगरी नतिजा सम्बन्धी जानकारी दिने कार्य नतिजा प्रकाशन भएको मितिले ३१ औँ दिनबाट अनिवार्य बन्द गर्नुपर्ने जनाइएको छ । *-रासस*

# विद्यालय पुग्न दैनिक पाँच घण्टा पैदल



तनहुँको आँबुखैरेनी गाउँपालिका-६ हिलेखर्कमा रहेको कन्यादेवी माध्यमिक विद्यालय पुग्न दैनिक पाँच घण्टा पैदल यात्रा गर्नुपर्ने बाध्यता छ । भौगोलिक दूरीका कारण विद्यार्थीलाई दैनिक विद्यालय आउजाउँमा तीनदेखि पाँच घण्टाको यात्रा गर्नुपर्ने अवस्था छ । आँबुखैरेनी गाउँपालिका-५ लाम्दिकी मुना गुरुङ विद्यालय जान बिहान ७.३० बजे नै घरबाट निस्किछिन् । गुरुङलाई विद्यालय पुग्न साँढे दुई घण्टा समय लाग्छ । सबेरै नहिँडे विद्यालय पुग्न असम्भव छ । कन्यादेवी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत गुरुङ दैनिक पाँच घण्टा विद्यालय आउजाउँ गर्न खर्चिन्छिन् । बिहान साँढे दुई घण्टा र विद्यालयबाट घर फर्किन साँढे दुई घण्टाको यात्रा गर्नुपर्ने गुरुङको बाध्यता छ । "बिहानै हिँडेर विद्यालय जाने र फर्किने गर्दा पाँच घण्टाको यात्रा गर्नुपर्ने हुन्छ, बेलुका घर फर्किंदा त रातै पर्छ," गुरुङले भनिन् । दैनिक यसरी हिँड्दा खुट्टा दुख्नुका साथै अध्ययनमा पनि समस्या हुँदै आएको उनको भनाइ थियो ।

सोही कक्षामा अध्ययनरत लाम्दिको तल्लो भेगका विजय गुरुङ पनि दैनिक विद्यालय आउजाउ गर्न पाँच घण्टा हिँड्छन् । बिहानै साथीभाइसँग पैदलयात्रा गरेपछि करिब साँढे दुई घण्टापछि उनी विद्यालय पुग्छन् । उनले भने, "हाम्रो घरबाट विद्यालय पुग्न साँढे दुई घण्टा लाग्छ । साथीहरुसँग हिँडेरै विद्यालय जाने आउने गरेका छौँ ।" कक्षा ८ मा अध्ययनरत सोही ठाउँकै गुनबहादुर गुरुङको दैनिकी पनि यस्तै छ । उनले भने, "घर नजिक विद्यालय छैन । यसरी हिँडनुको विकल्प छैन ।" विद्यालयबाट सबैभन्दा टाढाको दूरीमा रहेको ठाउँ हो लाम्दि ।

यहाँका विद्यार्थी दैनिक यसरी नै हिँडेर विद्यालय जानुपर्ने बाध्यता छ । यसबाहेक भोटेश्वाराका विद्यार्थीले पनि दैनिक विद्यालय जानमात्रै डेढ घण्टा हिँड्नुपर्ने बाध्यता छ । विद्यालयका प्रधानाध्यापक सूर्यमानसिंह गुरुङले भौगोलिक दूरीका कारण विद्यार्थीलाई आउजाउमा समस्या हुँदै आएको बताए । "गाउँपालिकाले टाढाबाट आउने विद्यार्थीको सुविधाका लागि दुई वटा जीपको व्यवस्था गरेसँगै अब विद्यार्थीलाई आउजाउँमा सास्ती हुँदैन", उनले भने । प्रधानाध्यापक गुरुङका अनुसार हाल विद्यालयमा एक सय २४ विद्यार्थी अध्ययनरत रहेकामध्ये ८० प्रतिशतलाई दैनिक विद्यालयमा आउजाउँमा तीनदेखि पाँच घण्टाको यात्रा गर्नुपर्ने अवस्था थियो । उनले अब विद्यार्थीलाई विद्यालय आउजाउमा हिँड्नुपर्ने बाध्यताको अन्त्य भएको बताए । विद्यालयलाई बस खरिद गरर दिने योजना बनाएको गाउँपालिकाले तत्कालका लागि मंगलबारदेखि दुई वटा जीप सञ्चालनमा ल्याएको जनाएको छ । योसँगै भौगोलिक दूरी टाढा भएका विद्यार्थीले अब पैदल हिँड्नुपर्ने बाध्यता अन्त्य भएको छ ।

जीप सञ्चालनमा आएपछि कक्षा १० मा अध्ययनरत मुना गुरुङले जीप चढेर विद्यालय पुग्न २०/२५ मिनेट लाग्ने बताइन् । उनले भनिन्, "अब एकदम सजिलो हुने भयो । हिँड्दा खर्च हुने समयमा अब पढाइमा लगाउन सकिन्छ ।" विद्यालयमा आवत जावतका लागि गर्नुपर्ने कष्टकर यात्रामा पूर्णविराम लागेको विद्यालयका प्रधानाध्यापक गुरुङले बताए । उनले भने, "पन्ध्र वर्ष अगाडि म पनि यही विद्यालयमा पढ्दा दैनिक घण्टौं हिँडेर आउँथे । गाउँपालिकाले जीप उपलब्ध गराएपछि कष्टकर यात्रा अब अन्त्य भएको छ ।" प्रधानाध्यापक गुरुङका अनुसार दुई वटा जीपले दैनिक दुई पटक विद्यार्थी ल्याउने र घर लैजाने गरेको छ । वडा ५ मा एउटा र वडा ६ का लागि अर्को जीप सञ्चालन गरिएको छ । वडा ५ मा चल्ने जीपले बाटोमा पर्ने ६ वडाका विद्यार्थीलाई पनि विद्यालय ल्याउने लैजाने गरेको उनले जानकारी दिए । उनका अनुसार दुवै वडाका करिब ८० विद्यार्थीले यो सुविधा पाएका छन् । "वडा नं ५ र ६ को सिमानामा पर्ने खारेडाँडामा रहेको जोखिमपूर्ण भिरको बाटो हिड्नुपर्ने बाध्यता अन्त्य भएको छ", प्रधानाध्यापक गुरुङले भने, "उक्त ठाउँमा दुई वर्ष अगाडि ग्याबिन जाली भरेर सुरक्षित बनाइएको छ । वर्षाको समयमा बाटो बिग्रिने, पहिरो जानेलगायत समस्याका कारण विद्यार्थीले दु:ख पाएका थिए ।" विद्यालय सुधार अभियान अन्तर्गत गाउँपालिकाले सामुदायिक विद्यालयलाई बस सुविधा उपलब्ध गराउन लागेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । उनका अनुसार बस खरिद प्रक्रिया अगाडि बढिसकेको र बस नआइञ्जेल कन्यादेवीलाई जीप उपलब्ध गराइएको हो । अध्यक्ष चुमानले भने, "कतिपय विद्यार्थीलाई विद्यालयसम्म पुग्न घण्टौं हिँड्नुपर्ने बाध्यता थियो । त्यस्ता विद्यालयलाई बस उपलब्ध गराउँछौं । यसले गर्दा विद्यालय आउजाउका लागि हिँड्नुपर्ने समय विद्यार्थीले अध्ययनमा लगाउन सक्छन् ।" उनका अनुसार आँबुखैरेनी गाउँपालिकाको छ वटा वडामा ३५ सामुदायिक विद्यालय छन् । "गाउँपालिकाले सामुदायिक विद्यालयमा पढाउने परिवारलाई कर छुट दिने नीतिसमेत अगाडि बढाएको छ", उनले भने । *-रासस*

# विद्यार्थी अभाव झेल्दै गाउँका सामुदायिक क्याम्पस



पाल्पाको तिनाउ गाउँपालिका-६ स्थित मस्याम एकीकृत क्याम्पसमा हाल ९६ जना विद्यार्थी अध्ययनरत छन् । २०६४ सालमा स्थापना भएको यो सामुदायिक क्याम्पसमा स्नातक तहसम्म मेजर (प्रमुख) नेपाली र अंग्रेजी विषयमा अध्यापन हुन्छ । क्याम्पसको तथ्यांक अनुसार अहिलेसम्म विद्यार्थी संख्या १०० नाघेको छैन । क्याम्पस प्रमुख गोपाल श्रेष्ठका अनुसार शैक्षिक गुणस्तर ठीकै भए पनि सकेसम्म विद्यार्थी अन्य शहर वा कम्तीमा सदरमुकाम गएर पढ्न रुचाउँछन् । भन्छन्, 'जो-कोही गाउँको क्याम्पसमा पढ्न चाहँदैन, कतै जान नसक्नेहरू मात्रै यहाँ पढ्न आउने हुन् ।' अहिले क्याम्पसले मासिक शुल्क ४०० लिने गरेको छ । विद्यार्थी आकर्षण बढाउन यो वर्षदेखि आर्थिक अवस्था कमजोर भएकालाई नि:शुल्क छात्रावासको व्यवस्था गरेको छ । जापानी संस्थाको सहयोगमा निर्माण भएको १०० सिट क्षमताको छात्रावासमा अहिले १० जना छात्रा र ४ जना छात्र गरी १४ जना विद्यार्थी छन् ।

२०६६ सालमा स्थापना भएको कुलुङ बहुमुखी क्याम्पस, भोजपुरमा जम्मा ७९ विद्यार्थी अध्ययनरत छन् । क्याम्पस प्रमुख मानबहादुर खत्रीका अनुसार बीबीएसमा १५ जना र बीएडमा ६४ जना अध्ययनरत छन् । साल्पा सिलिचो गाउँपालिका-१ मा पर्ने यो क्याम्पसमा पढाइका साथै आवश्यक पाठ्यपुस्तक नि:शुल्क छ । तर स्थापना भएदेखि अहिलेसम्म विद्यार्थी भर्ना १०० पुगेको रेकर्ड छैन । क्याम्पस प्रमुख खत्रीका अनुसार शैक्षिक गुणस्तर सन्तोषजनक नभएको र व्यवस्थापन पक्ष पनि कमजोर भएकाले विद्यार्थीको आकर्षण कम भएको हो । उनले भने, 'आर्थिक अवस्था न्यून भएर अन्त जानै नसक्ने, शुल्क तिर्नुपरे पढाइ नै छोड्न बाध्य हुने अवस्थाका विद्यार्थी मात्रै क्याम्पसमा अध्ययनरत छन् ।' बन्दीपुर क्याम्पस, तनहुँमा ८४ जना विद्यार्थी अध्ययनरत छन् । स्नातक तहमा शिक्षा संकाय मात्रै अध्यापन हुने क्याम्पसमा कुनैबेला २०० हाराहारी विद्यार्थी भर्ना हुन्थे । तर अहिले विद्यार्थी संख्या निकै घटेकाले एचए पनि अध्यापन गराउने तयारी भइरहेको छ । १२ कक्षा पास भएपछि विदेश पढ्न जान पाउने सरकारको नीतिका कारण विद्यार्थी घटेको क्याम्पस प्रमुख विक्रम पिया बताउँछन् । 'अधिकांश विद्यार्थी ११/१२ पढ्दा पढ्दै विदेश जान भाषा कक्षामा भर्ना हुन्छन् । बिहान क्याम्पस आयो, दिउँसो भाषाको कक्षा पुग्छन्' उनले भने, 'विद्यार्थी कम हुनुको मूल कारण वैदेशिक अध्ययनमा आकर्षण बढ्नु हो ।' पहाडी क्षेत्रका अरू सामुदायिक क्याम्पसले जस्तै जीतपुर क्याम्पस, धनकुटाले पनि विद्यार्थी अभावको समस्या झेलिरहेको छ । करिब ९० जना विद्यार्थी अध्ययनरत रहेको क्याम्पस प्रमुख नगेन्द्र भट्टराई बताउँछन् । भन्छन्, 'संकायगत रूपमा शिक्षा पुरानो हुँदै गएको छ । त्यसमाथि उत्पादित जनशक्ति बेरोजगार हुन के पढ्नु भन्ने हुँदो रहेछ ।' विश्वविद्यालय अनुदान आयोगका अनुसार ४० प्रतिशतभन्दा बढी सामुदायिक क्याम्पसमा विद्यार्थी संख्या १०० भन्दा कम छ । नेपालभर सञ्चालित ५३७ सामुदायिक क्याम्पसमध्ये २१८ वटामा १०० भन्दा कम विद्यार्थी अध्ययनरत छन् । विद्यार्थी अभावको समस्या बढी जस्तो पहाडी, त्यसमा पनि ग्रामीण क्षेत्रका क्याम्पसमा छ । ग्रामीण क्षेत्रका मात्र नभई शहरी क्षेत्रका केही सामुदायिक क्याम्पसले पनि विद्यार्थी अभावको समस्या भोगिरहेका छन् । त्यसमध्ये एक हो, धनुषाको जनकपुर उपमहानगरपालिका-९ मा रहेको बी.पी कोइराला क्याम्पस । शिक्षा संकायको प्रमुख विषय नेपाली, अंग्रेजी, गणित, सामाजिक विज्ञान पढाउने क्याम्पसमा अहिले ९० जना विद्यार्थी अध्ययनरत छन् । क्याम्पसको आफ्नो भवन नभएर सरस्वती नमूना माविको भवनमा पढाइ हुने रात्रिकालीन क्याम्पस हो । यो क्याम्पसमा कुनै बेला एकवर्षे बीएड पढ्ने विद्यार्थी मात्रै १३०० जनासम्म भर्ना भएको इतिहास रहेको बताउँछन् क्याम्पसका प्रशासन प्रमुख रामविलास मण्डल । उनी भन्छन्, '२०४८ सालमा खुलेको शिक्षा क्याम्पसमा अरू जिल्लाबाट मात्रै नभएर भारतबाट पनि पढ्न आउँथे । करिब ३ हजार विद्यार्थी पढ्ने यस शिक्षा क्याम्पसमा एकवर्षे बीएडमा मात्रै १३०० सम्म विद्यार्थीलाई पढाएका थियौं ।' तर अहिले विद्यार्थी संख्या निकै कम भएपछि भर्ना र स्वाध्ययनमा शिक्षकले सहजीकरण गर्न थालेका छन् ।

**मर्जरको तयारी**

विद्यार्थी संख्या कम भएका क्याम्पसहरूको संख्या बढ्दै गएपछि त्रिभुवन विश्वविद्यालयले जेठ ३० गते 'मर्जर' (मिलान) मा जान चाहनेहरूलाई निवेदन दिन आह्वान समेत गरेको थियो । राष्ट्रिय शिक्षा नीति-२०७६ ले पनि विद्यार्थी संख्या न्यून रहेका क्याम्पस 'मर्ज' गर्नुपर्नेमा जोड दिएको छ । तर सामुदायिक क्याम्पसहरू मर्जरमा जान तयार छैनन् । मर्जरले अहिले अध्ययन गरिरहेका विद्यार्थी उच्च शिक्षाबाटै वञ्चित हुने उनीहरूको तर्क छ । ९६ जना विद्यार्थी अध्ययनरत मस्याम एकीकृत क्याम्पस, पाल्पाका क्याम्पस प्रमुख गोपाल श्रेष्ठ भन्छन्, 'हामी मर्जरमा गयौं भने विद्यार्थी मारमा पर्छन् । किनकि अहिले हामीकहाँ जति विद्यार्थी अध्ययनरत छन्, उनीहरू योभन्दा टाढा गएर पढ्ने स्थितिका छैनन् ।' १०० भन्दा कम विद्यार्थी रहेको भोजपुरको कुलुङ बहुमुखी क्याम्पस, बन्दीपुरको बन्दीपुर क्याम्पस र धनकुटाको जीतपुर क्याम्पसका प्रमुखहरुको भनाइ पनि समान छ- विद्यार्थीको संख्या कम भएकै हो । मर्जरमा जाने हो भने उनीहरू उच्च शिक्षाबाटै वञ्चित हुनुपर्ने हुन्छ । त्यसैले हामी मर्जरमा जाने पक्षमा छैनौं । सामुदायिक क्याम्पसहरूको छाता संगठन नेपाल पब्लिक क्याम्पस संघका महासचिव गोविन्दबहादुर कार्की पनि कलेजहरूलाई मर्जरभन्दा चल्ने खालको नयाँ शैक्षिक कार्यक्रमहरू दिनुपर्ने बताउँछन् । 'मर्जरको व्यवस्था स्वेच्छिक हुनुपर्छ, राज्यले जबर्जस्ती गरे मान्दैनौं' भौगोलिक नक्साङ्कन (जिओग्राफिकल म्यापिङ) नगरी सम्बन्धन दिंदा अहिलेको समस्या आएको भन्दै उनी भन्छन्, 'विद्यार्थी कम भएका क्याम्पसलाई नयाँ शैक्षिक कार्यक्रम सञ्चालन गर्न सहयोग गर्नुपर्छ ।' आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई कम शुल्कमा नयाँ विषय पढाउन सामुदायिक क्याम्पसहरूलाई राज्यले प्रोत्साहन गर्नुपर्ने उनी बताउँछन् । त्रिविले गत वैशाख ६ गते विभिन्न शैक्षिक कार्यक्रम सम्बन्धनका लागि निवेदन पनि मागेको थियो । तर गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्यूएए) प्राप्त नगरेका केही निजी कलेजको दबाबमा त्यो रोकियो । त्रिविले तत्काल नयाँ शैक्षिक कार्यक्रमका लागि प्रक्रिया थाल्नुपर्ने नेपाल पब्लिक क्याम्पस संघको माग छ । यसले धेरै सामुदायिक क्याम्पसमा देखिएको विद्यार्थी अभाव हट्ने संघका महासचिव कार्कीको जिकिर छ । शिक्षाविद् प्रा.डा. लक्ष्मण ज्ञवाली पनि सामुदायिक क्याम्पस मर्जरको अवधारणामै समस्या देख्छन् । 'गुल्मीको रिडीमा एउटा क्याम्पस छ अर्को तम्घासमा । दुई क्याम्पस एकअर्कामा मर्ज गर्दा कि त रिडीको तम्घास जानुपर्यो कि तम्घासको रिडी' उदाहरण दिँदै उनी भन्छन्, 'त्यसैले यो मर्जरको कन्सेप्ट नै मिल्दो छैन ।' मर्जरमा जानुभन्दा विद्यार्थीको रुचि अनुसारको नयाँ शैक्षिक कार्यक्रम सञ्चालनको सम्बन्धन दिने र छात्रावास सहितको सुविधा हुने हो भने विद्यार्थी अभावको समस्या भोग्नु नपर्ने बताउँछन् । क्याम्पस शिक्षक विकास गिरी पनि नयाँ शैक्षिक कार्यक्रम दिन सक्नुपर्ने बताउँछन् । 'अहिलेका विद्यार्थी कहाँ के छ भन्ने जानकार छन्, पुरानै विषय पढेर बस्न चाहँदैनन् । त्यसैले नयाँ कार्यक्रमहरू दिनुपर्छ', उनी भन्छन् । शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइराला भने १०० भन्दा कम विद्यार्थी अध्ययनरत क्याम्पस मर्जरमा जानुपर्ने बताउँछन् । मर्जरमा जाँदा शिक्षकहरूको कार्यकाल जोड्नेदेखि विद्यार्थीले चाहेको विषय पढ्न दिने व्यवस्था गर्न सकिने उनी बताउँछन् । भन्छन्, 'विद्यार्थीले पढ्न चाहेको विषयको पाठ्यक्रम विद्यार्थीलाई बनाउन दिनुपर्छ र त्यसलाई अडिट कोर्स (जाँच दिनुपर्दैन, सिक्न पाउँछन्) बनाए पनि हुन्छ क्रेडिट कोर्स (जाँच दिन्छ विश्वविद्यालय प्रणालीसँग जोडिन्छ) बनाए पनि भयो ।' त्यसरी अध्यापन गराइएको विद्यार्थीको उत्तरपुस्तिका सम्बन्धित क्याम्पसलाई जाँच्न दिंदा विद्यार्थी अभाव पनि नहुने र चाहेको विषय पनि पढ्न पाउने कोइराला बताउँछन् ।

**अनुदानमा विभेदको गुनासो**

विश्वविद्यालय अनुदान आयोगले दिने अनुदानमा समेत कूल विद्यार्थी संख्याको ३७ प्रतिशत अध्ययन गर्ने सामुदायिक क्याम्पसलाई विभेद गरिएको नेपाल पब्लिक क्याम्पस संघको आरोप छ । महासचिव गोविन्दबहादुर कार्की भन्छन्, 'राज्यले उच्च शिक्षा अध्ययन गर्ने जम्मा विद्यार्थी संख्याको टाउको गनेर पठाउँछ, तर आयोगले ११ गुणा कम लगानी सामुदायिकलाई गरेको छ । यसले पनि कतिपय क्याम्पस समस्यामा छन् ।' अनुदान आयोगका उपनिर्देशक देवेन्द्र रावल भने यसलाई स्वीकार गर्दैनन् । आयोगले हरेक वर्ष सञ्चालन खर्च भनेर नियमित अनुदान र भौतिक सुविधा अनुदान भनेर छुट्टै रकम दिने गरेको भन्दै उनले भने, 'त्यसको निश्चित मापदण्ड छ, यसमा विभेद गर्ने प्रश्नै हुन्न ।'

*-अनलाइन खबर डटकम*

